**बुढीनन्दा नगरपालिका**

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः५ मितिः २०८०/०६/०५

## भाग-२

## बुढीनन्दा नगरपालिका

कार्यपालिकाबाट जारी २०८०।०६।०३ बुढीनन्दा नगरपालिका "नगर अस्पताल/स्वास्थ्य संस्था स्थापना तथा संचालन कार्यविधि,

# बुढीनन्दा नगरपालिका “नगर अस्पताल/स्वास्थ्य संस्था स्थापना तथा संचालन कार्यविधि-२०८०”

प्रस्तावनाः स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार १५ शैया सम्मको अस्पताल र स्वास्थ्य संस्थाहरु स्थानीय सरकारले आफै स्थापना गर्न तथा संचालन गर्न सक्ने गरी स्थानिय सरकारको एकल अधिकार क्षेत्र भित्र समावेश भएकोले स्थानीय सरकार संचालन ऐन २०७४” ले दिएका अधिकारको प्रयोग गरी बुढीनन्दा नगर कार्यपालिकाको मिति २०८०।०६।०३ को निर्णयले “नगर अस्पताल स्वास्थ्य संस्था स्थापना तथा संचालन कार्यविधि २०८०” स्वीकृत गरी जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस कार्यविधिको नाम “नगर अस्पताल/ स्वास्थ्य संस्था स्थापना तथा संचालन कार्यविधि २०८०” रहनेछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुने छ ।

२. परिभाषाः– विषय र परिभाषाले अर्को अर्थ नलागे यस कार्यविधिमा,

(क) “अस्पताल” भन्नाले यस बुढीनन्दा नगरपालिकामा स्थापना भएर संचालन हुने कोल्टी अस्पताललाई सम्झनु पर्दछ ।

(ख) “स्वास्थ्य संस्था” भन्नाले यस बुढीनन्दा नगरपालिकामा स्थापना भएर संचालन हुने स्वास्थ्य संस्थाहरुलाइ सम्झनु पर्दछ।

(ग) “स्वास्थ्य शाखा” भन्नाले यस बुढीनन्दा नगरकार्यपालिका अन्तरगत अस्पताल सहित सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई संचालन, नियमन तथा सहजिकरण गर्ने बुढीनन्दा नगरपालिकामा अवस्थीत स्वास्थ्य शाखा सम्झनु पर्दछ।

(घ) “स्वास्थ्य संयोजक” भन्नाले नगरपालिकाको स्वास्थ्य शाखाको प्रमुखलाई सम्झनुपर्दछ ।

(ङ) “अस्पताल स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समिति” भन्नाले बुढीनन्दा नगरपालिकामा स्थापना गरि सन्चालन भएका अस्पताल/स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समितिलाई बुझिनेछ ।

(च) “अस्पताल प्रमुख” भन्नाले कोल्टी अस्पतालको प्रमुख लाई सम्झनुपर्दछ ।

(छ) “स्थायी कर्मचारी” भन्नाले अस्पतालको दरबन्दी अनुसार समायोजन, सरुवा पदस्थापना भई आउने कर्मचारीलाई सम्झनु पर्दछ।

(ज) “करार सेवा कर्मचारी” भन्नाले स्थानिय सरकार, प्रदेश अन्य निकायबाट स्थानिय आवश्यकता अनुसार सेवा प्रवाहलाई सहज बनाउने उदेश्यका साथ निश्चित समय(वढिमा एक वर्ष)को लागी सेवा सम्झौता गरि कामकाजमा खटिई आएको अवस्था कर्मचारीलाइ सम्झनुपर्दछ ।

(झ) “आधारभुत स्वास्थ्य सेवा” भन्नाले आम नागरिकको स्वास्थ्य सेवाको आवश्यकता पुरा गर्नका लागी राज्यबाट शुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रर्वधनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवालाई सम्झनुपर्दछ ।

३) अस्पताल / स्वास्थ्य संस्था स्थापना तथा संचालन प्रकृयाः–

(क) अस्पताल / स्वास्थ्य संस्थाको स्थापना गरिने क्षेत्रमा बसोवास गर्ने जनताको आवश्यकतालाई मध्यनजर गर्दै अस्पताल स्वास्थ्य संस्था स्थापना गर्न आवश्यक रहेको र सो क्षेत्रमा अस्पताल स्वास्थ्य संस्था स्थापना गर्ने भनी नगर सभा तथा कार्यपालिकाबाट निर्णय भएको हुनुपर्नेछ ।

(ख) अस्पताल / स्वास्थ्य संस्था संचालनको लागी आवश्यक पर्ने जनशक्तिको सम्बन्धमा दरबन्दी संरचना निर्माण गरी नगर सभा तथा कार्यपालिका बैठकमा अनुमोदन गराउनु पर्नेछ ।

(ग) करार सेवामा कर्मचारी ब्यबस्थान तथा पदपूर्ति गर्दा सार्वजनिक सुचना प्रकाशन गरि खुल्ला प्रतिस्पर्धा द्धारा पदपुर्तिको ब्यबस्था गरिनुपर्दछ ।

(घ) अस्पताल / स्वास्थ्य संस्था पूर्ण रुपमा स्थापना भई संचालनमा आउनु पूर्व गरिने सम्पूर्ण तयारी पूर्वाधार विकास, सामाग्री खरिद तथा ब्यबस्थापन, कर्मचारी ब्यबस्थापन, स्रोत परिचालन, कार्य अनुगमन, नियमन तथा सम्पूर्ण कार्यहरु नगर कार्यपालिकाको कार्यालय मार्फत गरिनेछ ।अस्पताल स्वास्थ्य संस्था पूर्ण रुपमा संचालनमा आए पश्चात अस्पताल स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापनको लागी यस कार्यविधिले तोके बमोजीमको अस्पताल स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समिति गठन गरी संस्था व्यस्थापन तथा संचालनका लागी जिम्मेवार बनाइनेछ ।

(ङ) अस्पताल / स्वास्थ्य संस्था बुढीनन्दा नगरपालिका मार्फत स्थापना भई संचालनमा आएता पनि नियमानुसार प्रदेश, सङ्घीय सरकारले अपनत्व लिनलाई कुनै वाधा पर्ने छैन। साथै प्रदेश तथा सङ्घीय सरकार बाट प्राप्त हुने स्थायी, करार सेवाका जनशक्तिलाई पदस्थापन गरि कामकाजमा खटाउन कुनै बाधा पर्ने छैन ।

(च) अस्पतालको हकमा प्रचलित कानुनको अधीनमा रही अस्पतालबाट प्रदान गरिने आधारभुत स्वास्थ्य सेवा बाहेकको थप सेवा सञ्चालन गर्नका लागि नगर

कार्यपालिकाको बैठकबाट अनुमोदन गराइ शःशुल्क सेवाहरु थप गर्नका लागि बाधा पर्ने छैन। साथै सो बाट प्राप्त रकम अस्पताल विकास समितिको बैक खातामा जम्मा गर्नुपर्नेछ । आवश्यकता अनुसार उक्त रकम कोल्टी अस्पताललले अस्पतालको मर्मत, विकास, संचालन लगायत जनशक्ति ब्यबस्थापनमा खर्च गर्न सक्नेछ ।

(छ) अस्पताल तथा वर्थिङ सेन्टरको हकमा अस्पताल तथा वर्थिङ सेन्टरमा काम गर्ने चिकित्सक तथा अन्य स्वास्थ्यकर्मी र नर्सिङ स्वास्थ्यकर्मीहरुलाई नेपाल सरकारबाट उपलब्ध हुने अतिरिक्त सेवा वापतको भत्ता, जोखिम भत्ता ,रात्रीकालिन सेवा भत्ता तथा स्थानिय सरकारको निर्णय अनुसार उपलब्ध गराउने अन्य भत्ता समेत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई उपलब्ध गराउन कुनै बाधा पर्ने छैन ।

४. अस्पताल / स्वास्थ्य संस्थाबाट सञ्चालन हुने मुख्य सेवाहरुः– परिवार नियोजन सेवा , आधारभुत स्वास्थ्य सेवा , सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा , खोप सेवा , पोषण सेवा, झाडापखाला नियन्त्रण कार्यक्रम, श्वास प्रश्वास रोग नियन्त्रण कार्यक्रम , औलो तथा कालाजार नियन्त्रण कार्यक्रम , क्षयरोग नियन्त्रण कार्यक्रम , कुष्ठरोग नियन्त्रण कार्यक्रम , एड्सःयौन रोग नियन्त्रण कार्यक्रम , महामारी नियन्त्रण तथा दैवी प्रकोप व्यवस्थापन कार्यक्रम, वातावरणीय सरसफाई तथा फोहोर मैला ब्यबस्थापन, स्वास्थ्य शिक्षा, सुचना तथा सञ्चार, गाउघर क्लिनीक कार्यक्रम , महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम , उपचार सेवा , मेडिको लिगल सेवा , स्वास्थ्य वीमा कार्यक्रम,सुपरीवेक्षण तथा अनुगमन ,प्रशासनिक कार्य, रेडियोलोजी सेवा(अस्पतालमा मात्र) , प्रयोगशाला सेवा , शव गृहःपोस्टमार्टम सेवा (अस्पतालमा चिकित्सकबाट मात्र),शल्य चिकित्सा सेवा (अस्पतालमा मात्र), अस्पताल बाट संचालित फार्मेसी सेवा(अस्पतालमा मात्र), बहिरंग सेवा, २४ घण्टा आकस्मीक सेवा (अस्पतालमा मात्र) , एम्बुलेन्स सेवा , अन्तरंग सेवा (अस्पतालमा मात्र), नसर्ने रोग नियन्त्रयण तथा रोकथाम लगायत दन्त सेवा, आखा, नाक, कान घाटी, मानसिक स्वास्थ्य सेवा,

टेलिमेडिसिन सेवा ,आयुर्बेद सेवा, राष्ट्रिय अभियान लगायत तालिम, स्वास्थ्य शिविर ,गोष्ठी, सेमिनार एवं विविध स्वास्थ्य कार्यक्रम

(५) गुणस्तर सुनिश्चितता सम्बन्धि ब्यबस्थाः बुढीनन्दा नगरपालिका बाट स्थापना हुने अस्पताल तथा स्वास्थ्य संस्थाहरुले निम्न बमोजिमको गुणस्तरको मापदण्ड पूरा गरेको हुनुपर्नेछ –

(क) बहिरंग सेवामा आउने विरामीहरुको चापका आधारमा विरामी दर्ता , परामर्श , निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने ब्यबस्था मिलाउनु पर्दछ ।

(ख) स्वास्थ्य संस्थामा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण नियन्त्रणको ब्यबस्था भएको हुनुपर्नेछ र सो को नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ ।

(ग) अस्पतालले विभिन्न ईकाईबाट प्रदान गर्ने सेवाहरु स्तरिय रुपमा संचालन गर्नु पर्नेछ र सो को नियमित र प्रभावकारी अनुगमन हुनु पर्नेछ ।

(घ) अस्पतालले बहिरंग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ले गरि) सबैले देख्ने ठाउमा राखिएको हुनु पर्नेछ ।

(ङ) विरामी वा विरामीको रेखदेख गर्ने ब्यक्तिलाई रोग र उपचार पद्धति बारे स्पष्ट जानकारी दिने ब्यबस्था हुनुपर्नेछ । अस्पताल स्वास्थ्य संस्थामा उपलब्ध स्रोत साधन, स्वास्थ्यकर्मी वा स्वास्थ्य जनशक्तिको क्षमताले स्वास्थ्य समस्याको समाधान हुन नसक्ने अवस्था आएमा बढी स्रोत, साधन सम्पन्न स्वांस्थ्य संस्थामा उपचार, परामर्श र सेवाको निमित्त पठाईने प्रक्रियालाई प्रेषण भनिन्छ । सो सम्बन्धि निर्णयको सम्पूर्ण अधिकार उपचार सेवा उपलब्ध गराउने चिकित्सक स्वास्थ्यकर्मीमा पूर्ण रुपमा निहित

रहनेछ । अस्पताल स्वास्थ्य संस्थामा उपलब्ध स्रोत र साधनबाट समाधान गर्न नसकेका समस्या अस्पताल हुदै बिषेशज्ञ सेवा प्रदायक ठूला अस्पतालसम्म प्रेषण गरिनेछ ।

(च) अस्पताल परिसर तथा सेवा दिने कक्षहरुको नियमित रुपमा सरसफाइको व्यवस्था गर्नुपर्नेछ ।

(छ) सबैले देख्ने स्थानमा गुनासो उजुरी पेटिका राखिएको हुनुपर्नेछ ।

(ज) जनगुनासो ब्यबस्थापनको लागी गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो पर्न आएको उजुरी समाधान गर्ने ब्यबस्था मिलाएकोहुनु पर्नेछ । साथै समाधान हुन नसक्ने भएमा सो को कारण सम्बन्धित ब्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

(झ) विरामीले अस्पताल स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधी समेत खुलाईएको सेवाग्राही वडापत्र अस्पताल स्वास्थ्य संस्थाको अग्र भागमा देखिने गरि राख्नु पर्नेछ र सोहि अनुरुप सेवाको सुनिश्चितता गर्नु पर्दछ ।

(ञ) अस्पतालमा आउने विरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको ब्यबस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने ब्यबस्था गरेको हुनुपर्नेछ ।

(ट) अस्पतालले २४ सैं घण्टा दक्ष स्वास्थ्यकर्मीबाट र आवश्यकता अनुसार चिकित्सकको ब्यबस्था सहित आकस्मिक सेवा दिने ब्यबस्था गरेको हुनुपर्नेछ ।

(ठ) अस्पतालमा सकभर ज्येष्ठ नागरिकको लागी विशेष सुविधा भएको शैयाको ब्यबस्था गरिनुपर्नेछ ।

(ड) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्रको भवन निर्माण सम्बन्धि मापदण्ड अनुरुप हुनु पर्नेछ ।

(ढ) अस्पताललले सूचना अधिकारी तोक्नु पर्नेछ ।

(ण) अस्पताललले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरलाई सुनिश्चित गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गुणस्तर चिन्ह लिन आवश्यक कदम चाल्नु पर्नेछ ।

(त) अस्पताल रहने स्थान धुवा, धुलो, ध्वनी, जल तथा जमिन प्रदुषण बाट मुक्त भएको हुनुपर्नेछ ।

(थ) अस्पताल रहने क्षेत्र र हाताभित्र उपयुक्त सुरक्षाको ब्यबस्था भएको, अस्पताल सम्म सहज सडक यातायातको पहुच भएको हुनुपर्नेछ ।

(द) अस्पतालमा पानी, विजुली (ब्याकअप सहित), संचार सुविधा, पार्किङ सुविधा, स्वस्थकर वातावरणको लागि बृक्षारोपण तथा बगैचाको ब्यबस्था फोहोर ब्यबस्थापन गरिएको हुनुपर्नेछ ।

(न) फार्मेसी कक्षमा औषधीको गुणस्तर ह्रास नहुनेगरी सुरक्षीत भण्डारण गर्ने ब्यबस्था मिलाउनु पर्नेछ । साथै ताप संवेदनशील औषधी तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा भण्डारण हुनुपर्नेछ । उपचारमा प्रयोग हुने लागु औषध जन्य औषधीहरु चिकित्सकको लिखित भएको हुनुपर्नेछ ।

(ध) जोखिमपूर्ण फोहोर ब्यबस्थापनका लागी उपयुक्त प्रविधीको प्रयोग गरी प्रेस्क्रिप्सन अनुसार मात्र आम्दानी र खर्चको अभिलेख सहित वितरण गर्ने ब्यबस्था मिलाएको हुनुपर्नेछ ।

(प) म्याद नाघेका औषधीहरु उपयुक्त विधि अपनाई नष्ट गर्ने ब्यबस्था भएको हुनुपर्नेछ ।

(फ) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधीहरु चौविसै घण्टा उपलब्ध हुने ब्यबस्था हुनुपर्नेछ ।

(ब) अस्पतालले आफ्नै परिसर भित्र अस्पताल फार्मेसी संचालन गर्नुपर्नेछ । अस्पताल फार्मेसी सञ्चालन गर्नका लागि अस्पतालले निजी व्यक्ति वा संस्थासंग सम्झौता गरी फार्मेसी सञ्चालन गर्न सक्नेछ ।

भ) औषधीको खुद्रा मूल्यमा छुटको ब्यबस्था भएमा सबैले देख्ने गरी सुचना टास गरिएको हुनुपर्नेछ ।

(म) अस्पताल भित्र प्रभावकारी सुचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन (इन्टनेट) को ब्यबस्था भएको हुनु पर्नेछ।

(य) प्रहरी, एम्बुलेन्स, दमकल जस्ता आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरि राख्नु पर्नेछ ।

(र) आकस्मिक कक्ष, वर्थिङ कक्ष, अपरेसन कक्ष लगायत संवेदनशिल कक्षहरुमा आपतकालिन विद्युत ब्याकअप सिष्टम राखेको तथा आवश्यक सबै स्थानमा पानीको ब्यबस्था भएको हुनुपर्नेछ ।

(ल) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवाप्रदायक हरुका लागी पर्याप्त पानी र साबुन सहितको सफा शौचालयको ब्यबस्था हुनु पर्नेछ ।

(व) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार विरामीको साथमा रहने १ जना कुरुवालाई बस्न सक्ने प्रवन्ध हुनुपर्नेछ । साथै स्वास्थ्य संस्था हाता भित्र सफा र सुविधा युक्त क्यान्टिनको ब्यबस्था भएको हुनुपर्नेछ ।

(श) अस्पतालमा प्रयोग हुने एप्रोन, पञ्जा, टोपी, जुत्ता ,तन्ना, तकिया, खोल, रुमाल जस्ता कपडा धुन तथा अस्पतालमा भर्ना भएका विरामीहरुको लुगा धुने सुविधाको ब्यबस्था भएको हुनुपर्नेछ ।

(ष) अस्पतालमा सुरक्षा ब्यबस्था मिलाउन सुरक्षा गार्डको ब्यबस्था भएको हुनुपर्नेछ , आपतकालीन आवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसंग समन्वय कायम गर्ने ब्यबस्था मिलाएको हुनुपर्नेछ ।

(स) आकस्मिक कक्षमा आकस्मिक अवस्थामा बर्हिगमन द्वारको आवश्यक ब्यबस्था मिलाएको हुनुपर्नेछ ।

(ह) अक्सिजन आपूर्तीको नियमित ब्यबस्था भएको हुनुपर्नेछ ।

(क्ष) आकस्मिक कक्ष, सुत्केरी कक्ष तथा वार्डमा सक्सन मेसिन, सुचर सेट, एम्बु ब्याग, अक्सिजन, आकस्मिक कक्षमा कार्डियाक मोनिटर, इसिजी मेसिन, इलेक्ट्रिक डिफिब्रिलेटर, आकस्मीक औषधी सहितको ट्रली, ट्राकियोस्टोमी सेट, भेनस सेक्सन सेट, इटी ट्युव सेट, इ.एन.टी.सेट, नेवुलाइजर, सि.भि.पी. लाइन सेट, वाटरसिल ड्रनेज सेट, सूचना पाटी, ह्विल चेयर, स्ट्रेचर, फुट स्टेप, स्क्रिन, ग्यास्ट्रिक ट्युव सेट लगायत आवश्यक उपकरणहरुको ब्यबस्था भएको हुनुपर्नेछ ।

(क्ष) अस्पतालमा चटयाङ छल्ने एन्टि लाइटिङ सिस्टमको जडा, आगो निभाउने फायर एस्टिङग्युसरको ब्यबस्था भएको हुनुपर्नेछ ।

६. अस्पताल संचालन तथा ब्यबस्थापन समितिको गठन, काम, कर्तब्य र अधिकारः–

६.१ गठन प्रक्रियाः– कोल्टी अस्पताल संचालन तथा ब्यबस्थापन समितिको गठनः

(१) नगर प्रमुख — अध्यक्ष

(२) नगर उपप्रमुख -उपाध्यक्ष

(३) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(४) अस्पताल रहेको वडाको वडाध्यक्ष – सदस्य

(५) स्वास्थ्य शाखा प्रमुख – सदस्य

(६) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा काम गरीरहेकाहरु मध्येबाट समितिले मनोनीत गरेको १ जना जनजाति र १ जना दलित महिला सहीत ३ जना – सदस्य

(७) महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट समितिले मनोनीत गरेको १ जना – सदस्य

(८) स्थानीय व्यापारी तथा उद्योग बाणिज्य संघको प्रतिनिधी मध्येबाट समितिले मनोनित गरेको १ जना – सदस्य

(९) अस्पताल प्रमुख – सदस्य सचिव

६.२ अस्पताल स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समितिको काम,कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछः–

क) कर्मचारी व्यवस्थापन

१. अस्पतालःस्वास्थ्य संस्थामा दरबन्दी अनुसार पूरा कर्मचारी भए नभएको हर्ने तथा आवश्यकता अनुसार काज, तालिम, गोष्ठीमा पठाउने

२. क) सदस्य सचिवबाट कर्मचारीको ७ दिनसम्मको बिदा स्वीकृत गर्ने र त्यस भन्दा बढी बिदाको हकमा सिफारिस साथ पालिकामा पठाउने । आन्तरिक स्रोत भएमा आवश्यकता अनुसार थप कर्मचारीको व्यवस्था मिलाउने । कर्मचारीको कामको मूल्याङ्कन गरी प्रोत्साहान गर्ने व्यवस्था मिलाउने । महिला स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहन गर्ने ।

ख) भौतिक पूर्वाधार उपलब्ध भौतिक सम्पत्ति –भवन, जग्गा, खानेपानी, बिजुली, फर्निचर आदिको संरक्षण तथा उचित उपयोगको व्यवस्था मिलाउने । माथि उल्लेखीत भौतिक सम्पत्ति अपुग भएमा व्यवस्था मिलाउने, महिलाहरुका लागि गोपनीयता कायम गर्न अस्पतालः स्वास्थ्य संस्थामा छुट्टै जाँच्ने कोठाको व्यवस्था मिलाउने । अस्पतालःस्वास्थ्य संस्था वरिपरि सरसफाइको व्यवस्था मिलाउने गाउँघर तथा खोप क्लिनिकका लागि आवश्यक स्थान उपलव्ध गराउने ।

ग) औषधी उपकरण अस्पतालमा २४ सै घण्टा आकस्मिक सेवा उपलब्ध हुने ब्यबस्था मिलाउने । विरामीलाई भर्ना गरि उपचार सेवा उपलब्ध गराउन अन्तर¨ सेवाको उपलब्ध हुने आवश्यक ब्यबस्था मिलाउने । अस्पताल स्वास्थ्य संस्था, गाउघर क्लिनिक, खोप क्लिनिकबाट दिइने सेवाका लागि आवश्यक औषधि उपकरण भए नभएको यकिन गरी अभाव भएमा उपलब्ध गराउने व्यवस्था मिलाउने । अस्पताल ÷स्वास्थ्य सस्थामा नियमित रूपमा औषधि आपूर्तिको तथा भण्डारणका लागि उचित व्यवस्था मिलाउने । औषधि खर्चको फँटवारी दैनिक रूपमा अद्यावधिक गर्ने ÷गराउने आपत्कालीन अवस्था तथा महामारीका लागि जगेडा औषधी तथा उपकरणको व्यवस्था मिलाउने ।

घ) स्रोत परिचालन संस्थाको आम्दानी नियमित रूपमा समितिको खातामा जम्मा गर्ने संस्थाको आम्दानी नियमित रूपमा समितिको खातामा जम्मा गर्ने व्यवस्था मिलाउने ।अस्पताल स्वास्थ्य संस्था भएको पालिका वडा भित्र भएका संस्थाहरु जस्तै विभिन्न गैसस, वडा, सामुदायिक वन, स्थानीय क्लब आदिमा सम्भावित स्र्रेत पहिचान गर्ने । आपत्कालीन अवस्था (प्रकोप, महामारी) मा वडा भित्र भएका वा बाहिरबाट समेत मानवीय स्र्रेत र अन्य स्र्रेतको खोजी गर्ने र उचित परिचालनको व्यवस्था मिलाउने ।

ङ) सुशासनः संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाउने । वर्षमा दुइ पटक बाह्य लेखापरीक्षण गराउने । सामाजिक लेखा परीक्षण कम्तीमा वर्षको एक पटक गराउने । स्वास्थ्य संस्थामा नागरिक बडापत्रको व्यवस्था गर्ने । स्वास्थ्य सेवामा सामाजीक समावेशीकरण गर्ने ।

च) योजना÷ कार्यान्वयन÷ अनुगमनः लक्षित जनसंख्या संम्बन्धी सुचना संकलन गर्ने व्यवस्था मिलाउने र सेवा सवर्सुलभ बनाउन प्राथमिकता क्षेत्र तोक्ने । उपलब्ध सेवा जनसमुदाय सम्म पगे नपुगेको एकिन गर्ने । समुदायबाट आएका गुनासा वा सुझावलाई समेटी समाधानका निमित्त पहल गर्ने । विशेष स्वास्थ्य कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दा विशेष ध्यान दिने (जस्तै परिवार नियोजन, सुरक्षित मातृत्व, खोपसेवा, पोषण सेवा, क्षयरोग, कुष्ठरोग, प्रयोगशाला, रेडियोलोजी, शल्यचिकित्सा सेवा आदि) । सञ्चालित कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गर्ने । नियमित रूपमा योजना बनाई सुपरिवेक्षण गर्ने साथै कार्यक्रमका प्रगति समीक्षा गर्ने ।

छ) सञ्चार, समन्वय र सहयोगः अस्पताल स्वास्थ्य संस्थामा समितिको नियमित मासिक बैठक गर्ने । समितिका सदस्यहरु बीच एक आपसमा राम्रो संम्बन्ध कायम गर्ने । मासिक वा अन्य आकस्मिक बैठक बस्नु पर्दा सम्पूर्ण सदस्यहरुलाई पत्राचार गर्ने । औषधि, सरसमान, औजार, कर्मचारी वा अन्य आवश्यक सहयोगका लागि स्वास्थ्य शाखा, स्वास्थ्य, जनस्वास्थ्य वा जिल्ला समन्वय समितिको कार्यालय, प्रदेश सरकार तथा निर्देशनालय र संघिय सरकार संग समन्वय गर्ने । नगरपालिका वडा भित्र भएका सम्पूर्ण संघ संस्थाहरु संग समन्वय गरी स्वास्थ्य कार्यक्रमहरुलाई बढी प्रभाबकारी बनाउने व्यवस्था मिलाउने ।

७. अनुगमन तथा मुल्याङकन स्थानिय सरकार, प्रदेश सरकार , संघीय सरकार तथा सरोकारवाला निकाय बाट समय समयमा अनुगमन तथा मुल्याङ्कनको व्यवस्था मिनाउने ।

८. स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ, सहरी स्वास्थ्य केन्द्र तथा आयुर्वेद औषधालय संचालन तथा ब्यबस्थापन समितिको गठनः स्वास्थ्य चौकी, आयुर्वेद औषधालय संचालन तथा ब्यबस्थापन समितिको गठन तपसील अनुसार हुनेछ ः

१) नगरप्रमुख – संरक्षक

२) सम्बन्धीत वडाको वडाध्यक्ष ः अध्यक्ष

३) समितिले मनोनयन गरेका निर्वाचित महिला सदस्यहरुबाट १ जना ः उपाध्यक्ष

४) सम्बन्धीत वडामा रहेको क्षेत्रको विद्यालयका प्रमुख÷ प्राचार्य मध्येबाट १ जना महिला –सदस्य

५) स्थानिय ब्यपार संघको प्रतिनिधी १ जना ः सदस्य

६) समितिबाट मनोनीत स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरुबाट मध्येबाट १ जना –सदस्य

७) वडा कार्यालयको सचिव ः सदस्य

८) स्वास्थ्य संस्था प्रमुख ः सदस्य सचिव

९. पदावधीः अस्पताल/स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समितिको कार्यकाल ३वर्षको हुनेछ । निर्वाचित पदाधिकारीहरु सदस्यहरुको पदावधि अर्को निर्वाचन भई नयाँ ब्यक्तिले पदभार ग्रहण नगरुन्जेल सम्म हुनेछ । समितिले आवश्यक ठानेमा

स्थानिय सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको आमन्त्रित सदस्यको रुपमा उपस्थितीका लागि आमन्त्रण गर्न सक्नेछ ।

समितीले आवश्यक ठानेमा स्थानिय दलित, युवा, किशोर– किशोरी,सामाजिक संघ संस्थाका प्रमुखहरुलाई विषयबस्तु अनुसार आमन्त्रण गरि आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ । बैठकको लागी पदाधीकारीको ५१ प्रतिशत उपस्थिती अनिवार्य हुनुपर्नेछ । माथिका बुदामा जुनसुकै कुरा लेखिएको भए पनि अध्यक्ष सहित अन्य मनोनित पदाधिकारीहरुले आफ्नो पदिय जिम्मेवारी पुरा नगरेमा स्थानिय सरकारले निर्णय गरि जुनसुकै बखत पदबाट हटाउन सक्नेछ

१०. देहायका योग्यता भएको ब्यक्ति समिति पदाधिकारी एवम् सदस्य पदमा नियुक्तिको लागी योग्य हुनेछः– नेपाली नागरिक ।

- नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय नभोगेको ।
- नेपाल सरकार, प्रदेश सरकार, स्थानिय सरकार वा अन्तगतको कुनै संगठित संस्था संग कुनै वेरुजु वा बक्योता बाकी नरहेको ।
- उच्च नैतिक चरित्र भएको र कालो सुचिमा नपरेको ।
- विदेशी राष्ट्रको नागरिकता वा स्थायी आवसीय अनुमती नलिएको

११. लेखा समिती गठन लेखा समितीको गठन तपसील अनुसार हुनेछ— क. नगरपालिकाले तोकेको लेखा सम्बन्धीत बिषयमा जानकार ब्यक्ति — संयोजक

ख. नगर कार्यपालिकाको लेखा अधिकृत—सदस्य

ग. नगरकार्यपालिकाको कार्यालयले तोकेको कार्यपालिका सदस्य (१)— सदस्य

११.१ लेखा समितीको काम कर्तब्य र अधिकार

क. बार्षिक कम्तीमा २ पटक आ.ले.प.गरी प्रतिवेदन समतिमा पेश गर्नु पर्ने छ ।

ख. आवश्यकता अनुसार लेखा सम्बन्धी आन्तरीक अनुगमन परामर्स दिन सक्ने छ ।

१२. स्थानीय स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति बैठक सञ्चालन प्रक्रियाः–

पूर्व सूचनाः बैठक हुनुभन्दा तीन दिन अगाडि पत्र वा अन्य माध्यमबाट समितिका सदस्यहरुलाई (बैठक बस्ने मिति, समय, स्थान र छलफलको विषयबारे जानकारी दिएको हुनुपर्दछ । बैठक पुस्तिकाः बैठकको निर्णय एवं उपस्थितिको अभिलेख राख्ने बैठक पुस्तिका राखेको हुनुपर्दछ । छलफलका विषयहरुको तयारीः बैठकका लागि आवश्यक छलफलका विषयहरु पूर्व निर्धारित हुनुपर्दछ सहभागीहरुको बस्ने व्यवस्थाः बैठक स्थानमा सदस्यहरु समानुपातिक र सजिलोसँग बसेको हुनुपर्दछ । उपस्थिति संख्याः बैठकमा सदस्यहरुको उपस्थिति ५१ प्रतिशत वा यस भन्दा बढी रहेको हुनुपर्दछ । प्रगति समीक्षाः बैठकमा अघिल्लो बैठकमा भएका निणर्यहरुको प्रगति समीक्षा हुनुपर्दछ । सदस्यहरुको सहभागिताः बैठकमा सबै सदस्यहरुलाई पालैपालो आ–आफ्नो भनाइ राख्ने मौका दिइनु पर्दछ । निर्णय प्रक्रियामा सहभागिताः बैठकमा उपस्थित महिला र दलित सदस्यहरुले आफ्नो भनाइहरु राखेको र उक्त भनाइलाई निर्णय प्रक्रियामा महत्व दिएको हुनुपर्दछ । जिम्मेवारी बाँडफाडः कार्ययोजनामा उल्लिखित कार्यहरु गर्न एकभन्दा बढी सदस्यहरुलाई जिम्मेवारी तोकिएको हुनुपर्दछ । मासिक प्रगति समीक्षाः स्वास्थ्य संस्थाबाट गत महिनामा गरिएको कार्यक्रमको प्रगति समीक्षा गर्नुपर्दछ । आगामी कार्यक्रमहरुको जानकारीः स्वास्थ्य संस्थाका प्रमुख वा अन्य कर्मचारीबाट आगामी महीनामा हुने स्वास्थ्य सम्बन्धी कार्यक्रम बारे जानकारी दिनुपर्दछ । अभिलेख राख्ने तरिकाः बैठकका निर्णयहरु बुदागत रूपमा

कार्ययोजनाको स्वरूपमा अभिलेख राख्नुपर्दछ । आगामी बैठक ः आगामी बैठकका निम्ति मिति र समय तोकेको हुनुपर्दछ बैठक समय ः तोकिएको ठीक समयमा शुरु गरेर ठीक समयमा नै अन्त गरेको हुनुपर्दछ । प्रत्येक बैठकको एजेन्डा र निर्णयहरु निश्चित ढांचा अनुसारको माईन्युट पुस्तिकामा अभिलेखीकरण गर्नुपर्दछ।

अध्यक्ष वा सदस्य सचिवले कार्ययोजनामा तोकिएको जिम्मेवार व्यक्तिलाई कामको अवस्थाबारे सोध्ने गरेको हुनुपर्दछ । कार्ययोजनामा तय गरेको कार्य सम्पन्न गर्न जिम्मेवार व्यक्तिलाई अन्य सदस्यहरुले आवश्यकता अनुसार सहयोग गरेको हुनुपर्दछ । स्थानीय तहमा त्यहाको प्राकृतिक प्रकोपको इतिहासलाई आधार मानी पूर्व तयारी गर्नुपर्ने हुन्छ ।

१३. मानव संशाधन ब्यबस्थापनः– (क) अस्पताल संचालनको लागी जनशक्तिको व्यवस्थापन तोकिए बमोजीम हुनेछ ।

कोल्टी अस्पतालका लागि आवश्यक जनशक्तीको बिवरण तपसिल बमोजिम हनेछ ।

| क्र सं | पद | श्रेणी तह | सेवा | समुह | प्रस्तावित दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | व.क./मेडिकल जनरलिष्ट | ९।१० | स्वास्थ्य | मेडिकल जनरलिष्ट | १ | १ |
| २ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज हे स | २ | १ |
| ३ | हेल्थ असिस्टेन्ट | ५।६।७ | स्वास्थ्य | हेल्थ इन्सपेक्सन | ४ | १ |
| ४ | स्टाफ नर्स | ५।६।७ | स्वास्थ्य | जनरल नर्सिङ | ६ | ० |
| ५ | कविराज आयुर्वेद सहायक | ५।६।७ | स्वास्थ्य | आयुर्वेद | १ | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | ल्याव टेक्निसियन | ५।६।७ | स्वास्थ्य | मेडिकल ल्याव टेक्नोलोजी | १ | १ |
| ७ | रेडियोग्राफर | ५।६।७ | स्वास्थ्य | रेडियोग्राफी | १ | २ |
| ८ | फार्मेशी सहायक | ५।६।७ | स्वास्थ्य | फार्मेशी | १ | २ |
| ९ | डेन्टल ह्याइजेनिष्ट | ५।६।७ | स्वास्थ्य | डेन्टिष्ट्रि | १ | १ |
| १० | एनेस्थेटिक सहायक | ५।६।७ | स्वास्थ्य | बिविध | १ | १ |
| ११ | अप्थाल्मिक सहायक | ५।६।७ | स्वास्थ्य | बिविध | १ | १ |
| १२ | नायव सुब्बा | राप अनं प्र | प्रशासन | सा प्रशासन | १ | १ |
| १३ | अ हे व | ४।५।६ | स्वास्थ्य | हेल्थ इन्सपेक्सन | ३ | ८ |
| १४ | अ न मी | ४।५।६ | स्वास्थ्य | कम्युनिटि नर्स | ३ | ६ |
| १५ | ल्या अ | ४।५।६ | स्वास्थ्य | मेडिकल ल्याव टेक्नोलोजी | १ | ३ |
| १६ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सा प्रशासन | ६ | ७ |
| १७ | सरसफाइकर्मी | श्रेणी विहिन | प्रशासन | सा प्रशासन | ३ | २ |
| | जम्मा | | | | ३७ | |

(ख) सामुदायिक स्वास्थ्य ईकाइ तथा शहरी स्वास्थ्य केन्द्रको हकमा कम्तिका एक जना हे अ तथा अ.हे.व र एक जना स्टाफ नर्स तथा अ.न.मी.को ब्यबस्था हुनपर्नेछ । आवश्यकता अनुसार स्थानिय सरकाले सामुदायिक स्वास्थ्य इकाईमा विरामीको चाप र सेवा विस्तारलाइ मध्यनजर गरी जनशक्ति थप्न कुनै बाधा पर्ने छैन ।

१४. अस्पताल (समिति) ÷स्वास्थ्य संस्था (समिति) को कोषः–

क) अस्पताल(समिति)÷स्वास्थ्य संस्था (समिति) को नाममा आफ्नो छुटै कोष रहनेछ ।

ख) अस्पताल (समिति)÷स्वास्थ्य संस्था (समिति) को कोषमा देहाय बमोजिका रकमहरु रहनेछन्ः–

(अ) नेपाल सरकार(संघिय सरकार), प्रदेश सरकार र स्थानिय सरकारबाट स्वास्थ्य संस्था संचालनको लागी प्राप्त हुने अनुदानको रकम

(आ) स्वास्थ्य संस्थाको सेवा प्रदान गरे वापत प्राप्त हुने आम्दानी वापतको रकम (इ) दात्री निकाय वा दाताहरुबाट प्राप्त हुने रकम

(ई) अन्य आन्तरिक वा वाह्य श्रोतबाट प्राप्त हुने रकम

ग) समितिको काम कारबाहीमा हुने खर्च उपदफा (१) बमोजिमको कोषबाट समितिको बैठकको निर्णय अनुसार खर्च गरिनेछ । यस्तो रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली तथा प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ । घ) समितिको मुल खाता कुनैस्थानिय क बर्गकोबैकमा खोली संचालन गरिनेछ ।

ङ) समितीको खाता सञ्चालन सदस्य सचिव र पालिकाको लेखा शाखामा कार्यरत कर्मचारी मध्ये कुनै एक जनाको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

च) समितिको कोषमा कुनै निश्चित उदेश्य स्वरुप जम्मा हुन आउने रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजनको लागी मात्र खर्च गर्नु पर्नेछ ।

छ) बाह्य राष्ट्र ,संघसंस्था वा ब्यक्तिबाट रकम प्राप्त गर्नको लागी प्रचलित कानुन बमोजिम अनुमति लिनुपर्नेछ ।

ज) समितिले विभिन्न कल्याणकारी कोषहरु संचालन गर्न सक्नेछ । सोको कार्यविधि स्थानिय तह बाट स्विकृत गराउनुपर्नेछ ।

१५. सम्पत्ती र कोष हस्तान्तरणः–

साविक आदेश वा निर्देशिका नियमावली बमोजिम प्रस्तावित अस्पताल स्वास्थ्य संस्था(अपग्रेड)को समितिको नाममा रहेको सबै चल अचल सम्पति यसै निर्देशिका नियमावली बमोजिम संचालन हुने अस्पताल स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समितीको नाममा स्वतः हस्तान्तरण हुनेछ ।

१६. लेखा र लेखा परिक्षणः–

(क) समितिको आय ब्ययको लेखा महालेखा परिक्षकको कार्यालयले तोकेको ढाँचा बमोजिम राख्नु पर्नेछ।

(ख) कोषको आन्तरिक लेखापरीक्षण कम्तिमा २ पटक समितिको निर्णय बमोजिम हुनेछ ।

(ग) कोषको अन्तिम लेखापरीक्षण महालेखा परिक्षकको कार्यालयबाट तोकेको कर्मचारीबाट लेखा परिक्षण हुनेछ।

१७. यो कार्यविधि लागु भएका बखत देखि बुढीनन्दा नगरपालिका वडा नं १ मा रहेक प्राथमिक स्वास्थ्य केन्द्र स्तरोन्नती भइ कोल्टी अस्पतालको रुपमा सञ्चालन हुनेछ ।

१८. दरवन्दी समायोजन :- स्तरबृद्धी गरीएको स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीहरुलाइ अस्पतालको दरबन्दी संरचनाका आधारमा दरबन्दी समायोजन गरिनेछ ।

१९. निर्देशन दिनेः– स्थानिय सरकारले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिईएको लिखित निर्देशनको पालना गर्नु समितिको कर्तब्य हुनेछ ।

२०. परिमार्जन ः– अस्पताल÷स्वास्थ्य संस्था संचालनका क्रममा कुनै कानुनी समस्या भई काम गर्न बाँधा अड्चन भएमा अस्पताल स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समितिले निर्णय गरि सो विषयमा नगरकार्यपालिकालाई लिखित अनुरोध गर्न सक्नेछ । समय र आवश्यकता अनुसार यस अस्पताल स्वास्थ्य संस्था स्थापना तथा संचालन कार्यविधि २०८० नगरकार्यपालिकाले परिमार्जन गर्न सक्नेछ ।

२१. अभिलेख तथा प्रतिवेदनः– अस्पताल तथा स्वास्थ्य संस्थामार्फत गरेका क्रियाकलाप तथा प्रगतीहरुको विवरण लगायत अन्य आवश्यक कागजातहरु मासिक रुममा स्वास्थ्य शाखामा÷लेखा शाखामा अनिवार्य रुपमा प्रविष्ट गर्नुपर्नेछ ।

२२. कारवाही हुनेः– यस निर्देशिका विपरित कार्य गर्ने पदाधिकारी, स्वास्थ्य संस्था, कर्मचारी तथा सेवाग्राहीलाई प्रचलित कानून बमोजिम कारवाहीलागी सिफारीस गरिनेछ ।

२३. खारेजी र बचाउः– माथि उल्लेखित भए बमोजिम गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ । प्रचलित संघीय तथा प्रादेशिक कानुन संग बाझिएको अवस्थामा सो बुदा स्वत खारेज हुनेछ ।